# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख १ गते २०४८ साल (अतिरिक्ताङ्क १


## शाही सन्देश

## भाग १

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०४८ साल वैशाख १ गते नयाँ वर्षको शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देशः–

प्यारा देशवासीहरू,

नयाँ वर्ष २०४८ को शुभारम्भको यस सुखद घडीमा सदा झैं स्वदेश र विदेशमा बस्ने सबै नेपालीको सुख, समृद्धि र शान्तिका निम्ति कामना गर्दछु।

नयाँ वर्षको थालनीसँगै देशमा संसदीय प्रणाली अन्तर्गत आम निर्वाचन हुँदैछ। …को चारह…प्तापछि अधिराज्यभर एकै पटक हुन गइरहेको यस प्रजातान्त्रिक अभ्यास- … निष्पक्ष एवं शान्तिपूर्वक सम्पन्न गर्नु सबैको गहनतम जिम्मेवारी हुन आएको छ। …क व्यक्तिले देश तथा समाजप्रति समर्पणको भावना राखी प्रजातान्त्रिक मूल्य र …यता अनुरूप अर्काको अधिकारको सम्मान गर्दै आफ्नो अधिकारको उपयोग गरेमा …ताको आकाँक्षा र चाहना अनुसार आम निर्वाचन निर्विघ्नतापूर्वक सम्पन्न गर्न …नेछ। आज हाम्रो समाजले आशा गर्ने कुरा पनि यही नै हो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रजातन्त्रमा प्रत्येक बालिग नागरिकले आम निर्वाचनमा आफ्नो मतको सही उपयोग गरेर देशको भाग्यरेखा कोर्ने काममा आफूलाई संलग्न गरेको हुन्छ । निर्वाचनको समयमा जनताको मन जित्न उम्मेदवारहरूका बीच आपसमा प्रतिस्पर्धा हुनु स्वाभाविक हो । चुनाव अभियानको क्रममा सबैले प्रजातान्त्रिक चरित्र सुहाउँदो संयम अपनाएमा प्रत्येक मतदाताले मतदानको यस्तो महत्वपूर्ण अधिकारको निर्बाध र स्वतन्त्र रूपमा उपभोग गर्न सक्ने वातावरणको सिर्जना अवश्य पनि हुनेछ । स्वतन्त्र र निष्पक्ष निर्वाचनको लागि निर्वाचनमा संलग्न राष्ट्रसेवकहरूको भूमिका पनि जिम्मेदारीपूर्ण हुनुपर्ने कुरा निर्विवाद छ । यसरी सकेसम्म बढी संख्यामा मतदानमा सम्मिलित भई देशमा संसदीय प्रजातन्त्रको स्थायित्व र विकासमा योगदान पुऱ्याउँदै प्रजातन्त्रप्रतिको आफ्नो प्रतिबद्धता विश्वसमक्ष प्रस्तुत गर्न नेपालीमात्र सक्षम हुनेछन् भन्ने मलाई विश्वास छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग